# फेएट काउन्टी पब्लिक स्कूल्सहरू

आरईभी. ०६/१८

# स्वीकार्य प्रयोगको नीति

जिल्लाले मान्यता दिन्छ कि स्कूलमा प्रविधिमा पहुँचले विद्यार्थीहरूलाई अझ बढी सिक्न, संलग्न रहन, कुराकानीगर्न, र उनीहरूलाई काम, जीवन र नागरिकताकालागि तयारपार्ने सीपहरू विकासगर्ने अवसर प्रदानगर्दछ। हामी विद्यार्थीहरूलाई २१ औं शताब्दीको प्रविधि र सञ्चार कौशललाई विकासगर्न मद्दतगर्न प्रतिबद्ध छौं। त्यसकोलागि हामी शैक्षिक उद्देश्यकोलागि विद्यार्थीहरू र कर्मचारीहरूको प्रयोगकोलागि प्रविधिहरूमा पहुँच प्रदान गर्दछौं। यो स्वीकार्य प्रयोगको नीतिले (AUP) विद्यार्थीहरू, शिक्षकहरू, र अभिभावकहरूले प्रयोगगर्नुहुने स्कूलको प्रविधिहरू वा जिल्लाको सम्पत्तिमा व्यक्तिगत स्वामित्वका उपकरणहरू प्रयोगगर्ने प्रावधान र अपेक्षाहरूको रूपरेखा दिन्छ।

**<u>कर्मचारीहरूको भूमिकाहरू र जिम्मेवारीहरू</u>**

जिल्ला विश्वास गर्दछ कि प्रविधिको प्रयोगकोलागि सबै उपयोगकर्ताहरु सुरक्षित र जिम्मेवार डिजिटल नागरिकहरू हुनुपर्छ। जस्तै, जिल्लाले प्रयोगकर्ताहरूलाई सुरक्षितराख्न मद्दतकोलागि निम्न रणनीतिहरूको प्रयोग गर्दछ।

- इन्टरनेटमा सुरक्षा र विद्यार्थीहरूकोलागि डिजिटल नागरिकताको निर्देशन प्रत्येक वर्ष हुनेछ।
- शिक्षकहरू र कर्मचारीहरूले सक्रिय रूपमा कक्षाकोठा अंतर्गत (भित्र) अनुमतिप्राप्त विद्यार्थी प्रविधिको प्रयोगको अनुगमन गर्दछ।
- राज्य र संघीय नियमहरु र जिल्लाका नीतिहरुको आवश्यकता अनुसार इन्टरनेटको पहुँच प्रतिबन्धित हुनेछ। वेभको गतिविधिको निगरानी र कुनैपनि समयमा रेकर्डहुन सक्छन्।
- नेटवर्क र स्कूल प्रशासनले उचित उपयोग भएको छ भनेर सुनिश्चितगर्न फाइलहरू र संचारहरूको समीक्षागर्न सक्छन्।

**<u>आमाबुबाहरूको/अभिभावकहरूको भूमिकाहरू र जिम्मेवारीहरू</u>**

जिल्लाले अपेक्षा गर्दछ कि आमाबुबाहरू/अभिभावकहरूले हामीसँग साझेदार भई विद्यार्थीहरूलाई सुरक्षित र उचित रूपमा उपलब्ध टेक्नोलोजीको प्रयोगगर्न सिकाउनु हुनेछ। जबकि जिल्लाले अनुपयुक्तरुपको प्रयोगलाई रोक्न प्रत्येक प्रयास गर्नेछ, सबै अनुपयुक्त सामग्रीलाई रोक्न असम्भवछ। त्यस्तै जिल्लाले व्यवस्थित नगरेको कुनैपनि वायरलेस जडान अनुगमित हुँदैन र यो आमाबुबा/अभिभावकको जिम्मेवारी हो।

**<u>विद्यार्थीहरूको भूमिकाहरू र जिम्मेवारीहरू</u>**

प्रविधि र नेटवर्कको पहुँच केवल शैक्षिक लक्ष्य र निर्देशनलाई समर्थनगर्नकालागि हुन्। विद्यार्थीहरूले जिम्मेवार रूपमा संसाधनहरू प्रयोगगर्ने अपेक्षा गरिन्छ र उनीहरू व्यवहार र संचारकोलागि उत्तरदायी हुनेछन्। जिल्ला सञ्जाल मार्फत भण्डारण गरिएका वा प्रसारित सबै सञ्चारहरू, तथ्यांकहरू र फाइलहरू फेएट काउन्टी पब्लिक स्कूलहरूको सम्पत्ति मानिन्छन् र समीक्षा र/वा हटाउन सकिनेछ। कारण र कानुनी दिशानिर्देश भित्र, अभिव्यक्तिको स्वतन्त्रता र जानकारीको पहुँचको सम्मान हुनेछ।

**<u>स्वीकार्य प्रयोगका उदाहरणहरू समावेशछन् (तर सीमित छैनन्):</u>**

- सम्मानजनक र जिम्मेवार डिजिटल नागरिकहुन स्कूल र जिल्ला व्यवहार अपेक्षाहरूको अनुसरण गर्नुहोस्।
- अनलाइन/नेटवर्क संसाधनहरू (ईमेल सहित) निर्देशनको रूपमा र शैक्षिक उद्देश्यहरूकोलागि प्रयोग गर्नुहोस्।
- उचित सामग्रीको मात्र भण्डारण (स्टोर) र साझेदारी गर्नुहोस्।
- स्कूल र/वा व्यक्तिगत प्रविधि केवल उचित उद्देश्यकोलागि अनुमोदित समयमा प्रयोग गर्नुहोस्।

**<u>अस्वीकार्य प्रयोगका उदाहरणहरूमा समावेशछन् (तर सीमित छैनन्):</u>**

- पहुँच, पठाउनु र/वा जानाजानी अनुचित, आपत्तिजनक, उत्पीडन, वा प्रकृतिमा अपवित्र वा हिंसा वा अवैध गतिविधिलाई बढावादिने कुनैपनि सामग्री प्राप्तगर्नु।
- स्वेच्छाले सीमित संसाधनहरूलाई खेरफाल्नु वा यी चीजहरूलाई गैर-शैक्षिक उद्देश्यहरूकोलागि प्रयोगगर्नु- (फाइलको भण्डारण, मुद्रण, ब्यान्डविथ आदि)
- अर्को व्यक्तिको प्रयोगकर्तानाम वा पासवर्ड प्रयोगगर्नु वा साझेदारीगर्नु, वा तपाईंको प्रयोगकर्तानाम र पासवर्ड अरूसँग साझेदारीगर्नु।
- कुनैपनि हिसाबले नेटवर्क र यसको सेटिंग्ससँग सम्झौतागर्नु - (ह्याकिंग, स्पामिंग, सुरक्षालाई बाइपासगर्नु, आदि)।
- निजी लाभ, मनोरन्जन, राजनैतिक पदोन्नति वा स्कूलकोसाथ सम्बन्धित नभएको गतिविधिहरूकोलागि स्कूलको नेटवर्कको प्रयोगगर्नु।
- प्रतिलिपि अधिकार कानूनहरू वा उल्लंघनगर्नु वा साहित्यिक चोरीगर्नु, सफ्टवेयर, संगीत वा अन्य प्रतिलिपि अधिकार सुरक्षित फाइलहरूको प्रतिलिपि सहित।
- जानाजानी क्षति पुर्‍याउनु वा जिल्ला वा व्यक्तिगत प्रविधि सम्बन्धित सम्पत्ति चोर्नु।
- साइबर बुल्लिंग, उत्पीडन वा अरूप्रति अनादरपूर्ण आचरणमा संलग्न हुनु।

**<u>स्वीकार्य प्रयोग नीतिको उल्लंघन</u>**

एयूपी (AUP)को उल्लङ्घनगर्ने विद्यार्थीहरू समान अफलाइन व्यवहारहरूकोलागि विद्यार्थी आचार संहिताले तोकेको समान अनुशासनात्मक कार्यहरूको अधीनमाछन् र स्कूल प्रशासनको विवेकमाछन्।

**व्यक्तिगत स्वामित्वका उपकरणहरू**
राम्रो डिजिटल नागरिकता प्रदर्शनगर्ने र हस्ताक्षर गरिएको एयूपी (AUP) भएका विद्यार्थीहरूले उनीहरूको व्यक्तिगत स्वामित्वका उपकरणहरूलाई जिल्लाको नेटवर्कमा जडानगर्न अनुमति दिइनेछ। त्यस्ता पहुँचलाई माथि उल्लेख गरिए अनुसार अनुगमनगरी विद्यार्थीहरूलाई उनीहरूको जिल्लाको प्रमाणहरू प्रयोगगरेर लगइनगर्न आवश्यक पर्दछ। यद्यपि, परिवारहरू सबै सेवा र व्यक्तिगत उपकरणहरूको समर्थनकोलागि जिम्मेवार हुनुहुन्छ। स्कूल सेटिंगमा व्यक्तिगत उपकरणको उपयोगसंग भएको कुनै क्षति वा घाटाकोलागि जिल्ला जिम्मेवार हुँदैन। विद्यार्थीहरू उपयुक्त समयमा उपयुक्त उद्देश्यकालागि उपकरणहरू प्रयोगगर्ने अपेक्षा गरिन्छ।

यद्यपि जिल्लाको नेटवर्कमा उपकरणहरूको प्रयोगको अनुगमन गरिन्छ, आमाबाबु र नाबालिगका अभिभावकहरूले आफ्ना बच्चाहरूले मिडिया र सूचना स्रोतहरूको प्रयोगगर्दा अनुसरणगर्नुपर्ने सेटिंग र मापदण्डहरूबारे कुरालाई ब्यक्तगर्न जिम्मेवार हुन्छन्। कुनैपनि गैर जिल्ला वायरलेस वा सेलुलर जडान मार्फत विद्यार्थीहरूले पहुँचगर्नसक्ने कुराकोलागि आमाबुबाहरू र अभिभावकहरू त्यस्तै जिम्मेवार छन्।

**वेभ २.० श्रोतहरूकोलागि अनलाइन खाताहरू (अकाउन्टहरू) सिर्जनागर्न विद्यार्थीहरूकोलागि सहमति**
निर्देशनको भागको रूपमा, विद्यार्थीहरूले अनलाइन वर्ड क्लाउडहरू, अन्तर्क्रियात्मक चित्रहरू, इन्फोग्राफिक्स, प्रस्तुतिकरणहरू र अन्य डिजिटल परियोजनाहरू सिर्जनागर्न स्कूलद्वारा प्रदानगरिएको संसाधनहरूको अतिरिक्त शैक्षिक उद्देश्यहरूकोलागि विभिन्न वेभबसाइटहरूको प्रयोगगर्न सक्दछन्। यस्ता धैरै सिक्ने साइटहरूमाजान  विद्यार्थीको खाताहरूको आवश्यक पर्दछ। कहिलेकाँही जिल्ला वा शिक्षकहरूले विद्यार्थीहरूकोलागि खाताहरू सिर्जनागर्न सक्षम हुन्छन् तर सधैं हुँदैन। बाल अनलाइन गोपनीयता संरक्षण ऐन (COPPA) लाई १३ बर्षभन्दा कम उमेरका कुनैपनि बच्चालाई निश्चित वेभ २.० साइटहरूमा खाताहरू बनाउनुअघि अभिभावकको सहमतिहुनु आवश्यकछ। यस कागजातमा हस्ताक्षरगर्नु भनेको तपाईले आफ्नो बच्चालाई शैक्षिक उद्देश्यकालागि प्रयोग गरिएको शिक्षकद्वारा-निर्दिष्ट साइटहरूमा खाता सिर्जनागर्न अनुमतिदिनु हो। शिक्षकहरूले विद्यार्थीहरूसँग प्रयोगगर्ने साइटहरू जिल्लाद्वारा अनुमोदित भएको हुनुपर्दछ, र साइटहरू केआरएस ६१.९३१; केआरएस ६१.९३२, केआरएस ६१.९३३लाई पालनागर्नु पर्दछ।

**प्रयोगकोलागि सहमति**
*यस फारममा हस्ताक्षरगरेर, तपाईंले यहाँ स्वीकार र सहमत गर्नुहुन्छकि तपाईंको बच्चाको जिल्ला र/वा केन्टकी शिक्षा विभागद्वारा केडीई (KDE) प्रदानगरिएको इलेक्ट्रोनिक स्रोतहरू प्रयोगगर्ने अधिकारहरू जिल्ला नीति/प्रक्रियामा तोकिएका नियम र सर्तहरूको अधीनमा छन्। यस किसिमका सेवाहरूको संबंधमा संग्रहीत तथ्यांकहरूको जिल्लाको नीति ०८.२३२३ र त्यसको बमोजिम जिल्लाद्वारा व्यवस्थित  प्रक्रियाहरूद्वारा प्रबंधित गरिन्छन्। तपाइँ यो पनि बुझ्नुहुन्छ कि तपाइँको बच्चालाई प्रदानगरिएको इ-मेल ठेगाना अन्य इलेक्ट्रोनिक सेवाहरू वा प्रविधिहरूलाई पहुँचगर्न प्रयोगगर्न सकिन्छ जुन जिल्लाद्वारा प्रायोजित हुनसक्छ वा अनलाइन भण्डारण, अनलाइन सञ्चारहरू र सहयोगहरू जस्ता सुविधाहरू प्रदान गर्दछ, वा मेस्सेजिंग। ती सेवाहरूको उपयोग या त मानक उपभोक्ता उपयोगको सर्तहरू या एक मानक सहमति नमूनाको अधीनमा हुन्छ। ती प्रणालीहरूमा भण्डारित तथ्यांकहरू, जहाँ लागूहुन्छ, केडीई (KDE) र निर्दिष्ट सेवा प्रदायकहरू बीच वा अन्त प्रयोगकर्ता र सेवा प्रदायक बीच सम्झौताको बमोजिम प्रबन्धगर्न सकिन्छ। तपाईंको बच्चाले अनलाइन सेवाहरू प्रयोगगर्न सक्नुअघि, उसले/उनले सेवा सम्झौतालाई स्वीकार्नुपर्दछ र, केही केसहरूमा तपाईंको सहमति लिनुपर्दछ।*

---

फेएट काउन्टी पब्लिक स्कूलहरूको एक विद्यार्थीको रूपमा, म बुझ्छु र माथिको स्वीकार्य प्रयोग नीतिमा बताइएको अनुसार नियमहरू पालनागर्न सहमत छु।

____________________ ____________________ __________
**विद्यार्थीको हस्ताक्षर** **विद्यार्थीको छापिएको (मुद्रित) नाम** **मिति**

**स्कूल**:______________________________ **कक्षा**: __________

माथिको विद्यार्थीको आमाबुबा/अभिभावकको रूपमा, म बुझ्छु र माथिको बमोजिम स्वीकार्य प्रयोग नीतिसँग सहमतछु र समितिको (बोर्डको) नीति ०८.२३२३ र उल्लेखगरिएको साथमा रहेको प्रक्रियाहरू (www.fcps.net मा उपलब्धछ)। म बुझ्दछु कि यो सहमति प्रभाबमा (कार्यमा) रहनेछ जबसम्म विद्यार्थी एफसीपीएस स्कूलमा रहनेछ वा मैले लिखितरुपमा रद्दगर्दिनँ।

____________________ ____________________ __________
**आमाबुबाको हस्ताक्षर** **आमाबुबाको छापिएको (मुद्रित) नाम** **मिति**

टिप्पणी: संघीय कानुनले नाबालिगहरूको अनलाइन गतिविधिहरूको जिल्लाद्वारा निगरानीगर्नु आवश्यकता छ।